


त्रैमासिक पत्रिका छाल वर्ष - २ अङ्क - १ आषाढ

## सम्पादकीय

### नेपालको सन्दर्भमा कृषक महिला- एक दृष्टिकोण

प्राचिनकालदेखि नै नेपालको मुख्य पेसा कृषि हो । गोपालवंशको समयमा प्रारम्भ भएको कृषि प्रणाली किराँत तथा लिच्छवीकालमा विकसित हुँदै अहिलेको अवस्थासम्म आएको इतिहास पाइन्छ ।[१] यसै सैद्धान्तिक सन्दर्भलाई मान्ने हो भने नेपाल कृषिप्रधान देश हो । मुलुकको कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको २० प्रतिशत योगदान रहेको छ ।[२] नेपालमा रहेका कूल घरपरिवार मध्ये ४१ लाख घरपरिवार कृषि पेसामा आधारित छन् ।[३] नेपालमा कृषिमा आश्रित जनसङ्ख्या ६५.६ प्रतिशत रहेको छ भने ७० प्रतिशत श्रमशक्ति महिला छन् ।[४] यसरी कृषिमा महिलाको सहभागिता र योगदानको कुरा गर्दा उत्पादनका स्रोतमा आधारित शक्ति सम्बन्ध र श्रमको सही मूल्याङ्कनको प्रसङ्गको चर्चा गर्न जरूरी देखिन्छ ।

नेपालको मुख्य पेसा कृषि भए तापनि ६० प्रतिशत किसानलाई कृषिको आम्दानीले खान पुग्दैन ।[५] कारण, सामाजिक तथा आर्थिक रूपमा आएको परिवर्तनसँगै नेपालको कृषि क्षेत्र सबैको रोजाइको पेसामा कम पर्न थालेको छ । सशस्त्र जनयुद्ध र विश्वव्यापीकरणको प्रभावका कारण युवा तथा धेरै पुरूषहरू शिक्षा तथा रोजगारीका लागि शहर हुँदै वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । यसरी विदेशिनेको सङ्ख्या वृद्धि हुँदा नेपालको कृषि क्षेत्रमा पुरूषहरूको सङ्ख्या घट्दै गइरहेको छ भने महिलाहरूको उपस्थिति र जिम्मेवारी दिनप्रतिदिन बढ्दै गइरहेको छ । महिलाको जिम्मामा धेरै समय लाग्ने विभिन्न काम जस्तै, बिउ प्रशोधन तथा भण्डारण गर्ने, बेर्ना उमार्ने, रोप्ने, बालीनाली गोडमेल गर्ने, विषादी र मल ल्याउने र लगाउने/छर्ने, कृषिका औजार तयार गर्ने, आवश्यकता अनुसार खेताला जुटाउने, बालीनाली उठाउने, तरकारी/अन्न भण्डारण गर्ने, बजार पुऱ्याउने आदि सम्पूर्ण व्यवस्थापन लगायत पशुपंक्षीको रेखदेखसँगै दैनिक रूपमा गर्नु पर्ने घरायसी जिम्मेवारी हुन्छन् । यसले गर्दा, महिलाहरूलाई कार्यबोझ थपिनुका साथै स्वास्थ्यमा प्रतिकूल असर पनि गरिरहेको छ । आफूलाई नै बिर्सेर महिलाहरूले घर सम्हालेर बसे तापनि निर्णय गर्ने बेलामा भने विदेशमा भएका या घरैमा भएका पुरूषहरूको अधिनमा रहनुपर्छ ।

---

[१] www.onlinemajdoor.com

[२] MoF, (2021)

[३] राष्ट्रिय जनगणना २०७८

[४] राष्ट्रिय जनगणना २०६८

[५] राष्ट्रिय जनगणना २०६८

हाम्रो देशमा पितृसतात्त्मक सामाजिक संरचनाले जरा गाढेर बसेको कारण निर्णय अधिकार अझै पनि पुरूषमा निहित रहेको छ। उत्पादनको स्रोतमाथिको अधिकारमा समानरूपले सम्बोधन हुन सकेको छैन। उत्पादनको स्रोतमाथि महिलाको पहुँच र नियन्त्रण सीमित पारिएको छ। कृषिको मुख्य आधार भूमिमाथि महिलाको स्वामित्त्व नहुनु भए पनि नगण्य रूपमा रहनु, कृषिमा महिलाको संलग्नतालाई औपचारिकतामा सीमित राखिनु, उनीहरूको योगदानलाई राष्ट्रिय आँकडामा नसमेट्नु र उनीहरूको एकिन तथ्याङ्कको अभिलेखीकरण/दस्तावेजीकरण नगरिनु भनेको महिलाको श्रमलाई सम्मान नगर्नु हो।

महिलाको सहभागिता र योगदानको सम्मान र मूल्याङ्कन गर्नका लागि राज्यले ७० प्रतिशत महिला श्रमशक्ति रहेको कृषि क्षेत्रमा कृषि उपकरण र प्रविधि, स्रोतमाथिको पहुँच र नियन्त्रण, निर्णय गर्ने अधिकार, भूमिमाथिको अधिकारमा समान वितरण, कृषिसम्बन्धी नीति, कार्यक्रम, योजना र बजेट आदिलाई महिलामैत्री बनाउँन आवश्यक देखिन्छ। यसरी, राज्यले कृषक महिलाहरूलाई सम्बोधन गर्न सकेको खण्डमा मात्रै कृषक महिलाहरूको मानव अधिकार सुनिश्चित हुनसक्छ।

## श्रमिक आवाज

मेरो नाम आशा पाख्रिन हो । मेरो घर हरिवन नगरपालिका वार्ड नम्बर - ८, पाख्रिन टोलमा पर्छ। मेरो श्रीमान वैदेशिक रोजगारमा हुनुहुन्थ्यो। अहिले भर्खरै फर्किनु भएको छ। हामी अहिले कृषि पेसामा छौं। खेतीपाती गरेर नै जीवन धानिरहेका छौं। हाम्रो गाउँमा ४७ जना महिला दिदी बहिनीहरूको समूह छ। त्यसमध्ये केहीले मिलेर चक्लाबन्दी खेती गर्छौं। त्यहाँ सिजन अनुसारको तरकारी लाउँछौं। हाम्रो गाउँमा नहर नभएकोले गर्दा आकाशे पानीको भर पर्नु पर्छ। हेल्भिटास भन्ने संस्थाले हामीलाई तरकारीमा विषादी छर्दा लाउने एप्रोन, पम्पसेट लगायतका केही कृषि औजारहरू सहयोग गरेको छ। ती औजारहरू पर्याप्त त हैनन् तर सन्तोष मान्नु पर्छ। नगरपालिकाबाट चाहिं कुनै किसिमको सहयोग पाएको छैन।

हामीले उब्जाएको तरकारी गाउँमा नै भेला गरेर लालबन्दी लाने गरिएको छ। त्यहाँबाट काठमाडौं, बिरगञ्जतिर लगिन्छ भन्ने सुनेको हो। हामीले खुद्रा बिक्री गर्दैनौं। एकैचोटी व्यापारीहरूले लालबन्दीबाट उठाउँछन्।

कृषि व्यवसायमा धेरै मेहनत गर्नु पर्ने हुन्छ। यसमा लगानी पनि हुन्छ। एक बाली लगाउँदा मलखाद लगायतका कुराहरूमा २० देखि ३० हजारसम्म खर्च हुनेगर्छ। मेहनत अनुसारको आम्दानी पनि छ तर कहिलेकाहीं भनेको जति तरकारीको मूल्य नहुने भएकोले हामी कृषकहरू मारमा परेका छौं।

नगरपालिकाबाट कृषकका लागि भनेर अनुदान आउँछ भनेर सुनेको त हो तर अहिलेसम्म हामी माग्न पनि गएका छैनौं, के के पाइन्छ भनेर थाहा पनि छैन। नगरपालिकामा के के बोल्नु पर्ने हो थाहा पनि हुँदैन।

## कविता – शारदा रानहँमा राई, लेटाङ, मोरङ



मलाई खाने बाघले तिमीलाई नि खानसक्छ  
मलाई हुने विभेद तिमीलाई नि हुनसक्छ

समयको खेलसँगै समयको परिबन्धमा  
परिस्थितिको हावा खाँदै यात्रा चाल्नैपर्छ  
जीवन, जन्म र मृत्यु आफ्नै-आफ्नै कथा व्यथा  
पीडाहरूको भङ्गालोले झ्वाम्म लानसक्छ

भो फुर्ती नलगाउ, तिम्रो हातमा छैन भोलि  
मलाई लाग्ने व्यथा तिमीलाई नि लाग्नसक्छ  
मलाई खाने बाघले तिमीलाई नि खानसक्छ  
मलाई हुने विभेद तिमीलाई नि हुनसक्छ

# श्रमजीवी महिला सञ्जाल, काभ्रे अध्यक्ष



मेरो नाम शान्ति श्रेष्ठ । मेरो घर धुलिखेल नगरपालिका वार्ड नम्बर- ९, काभ्रेमा पर्छ । छोरी मान्छेले पढ्नु हुँदैन, सीप सिक्नु पर्छ भन्ने मान्यता हाम्रो घरमा थियो । त्यसैले विद्यालय जाने मन हुँदाहुँदै पनि ३ कक्षा भन्दा बढी पढ्न पाइनँ । सानै उमेरमा म काठमाडौं गलैचा बुन्न गएँ । १७ वर्षको उमेरमा प्रेम विवाह भयो । पहिलो सन्तानको रूपमा छोरी जन्मी । दोस्रो सन्तान पनि छोरी नै जन्मेपछि भने घरमा कलह सुरू भयो । श्रीमान्लाई छोरो चाहिएको थियो तर छोरी जन्मी । छोरी जन्मेकै रात आमा छोरी दुवैलाई मार्छु भनेर खुकुरी चलाउनु भयो । श्रीमान्ले छोरीको अनुहार पनि हेर्नु भएन । यसलाई अरू कसैलाई दिएर आइज या त गाडेर आइज भनेर धम्की दिनु भयो । बच्चा जन्मेको १ घण्टा पनि भएको थिएन, मलाई शरीरमा पीडा भइरहेको थियो । म छोरीलाई तपाईंले भन्नु भए जसरी अरूलाई दिन पनि सक्दिनँ, गाड्न पनि सक्दिनँ, तपाईंले नै गर्नु भनेर छोरी उहाँलाई दिन खोज्दा मलाई त्यही दिनदेखि कुटपिट सुरू भयो । तरबारले तीनै जना आमा छोरीलाई काट्छु भनेर राती पनि ताकेर बस्नुहुन्थ्यो श्रीमान् । म दुई वर्षसम्म राम्रोसँग निदाउँन सकिनँ, बा! काटेर मारी पो हाल्ने हो कि भन्ने डर र त्रास मनमा भइरहन्थ्यो । मलाई काटे पनि छोरीहरूलाई बचाउन चाहन्थे म ।

श्रीमान्को दिनहुँको पिटाइको कारण शरीर शिथिल भइसकेको थियो । मनको डरले मानसिक समस्या आएको थियो । जुनबेला पनि तर्सिरहन्थे म ।

घरमा भैंसी र बाख्राहरू थिए । टन्नै घाँस र खोले खान दिएँ अनि दाम्लो फुकाइदिएँ । तिनीहरूलाई पनि स्वतन्त्र छोडिदिएँ र आफू दुईजना नानीहरूलाई लिएर काठमाडौं लागें । काठमाडौंमा गएर बालुवा चाल्ने, इटा बोक्ने ज्यामी काम गरें । ज्यामी काम गर्दा गर्दै राहदानी (passport) बनाएँ र २०६१ सालमा मलेसिया गएँ । मेरो परिवारमा विदेश जाने पहिलो महिला नै म हुँ । म पनि जाने थिइनँ होला । आफ्नै श्रीमान्बाट ज्यान जोगाउन म विदेश गएकी थिएँ । नेपाल आउँदै जाँदै गरेर जम्मा म मलेसिया १७ वर्ष बसें ।

तीन वर्षपछि बिदा लिएर म नेपाल फर्कें । नेपाल फर्किंदा श्रीमान्ले अर्की श्रीमती ल्याइसकेका थिए । परिवारका अन्य सदस्यहरूले राम्रो व्यवहार गर्नु भयो । कमाएर ल्याइस् । बच्चाहरूलाई पालेकी छेस्, हिम्मत भएकाले विदेश जान्छन् र कमाउँछन्, तैले श्रीमान्लाई देखाइस् भन्नु भयो । तर, श्रीमान्ले भने मान्छेहरू/छिमेकीहरूकै अगाडि विदेशीसँग सुतेर/शरीर बेचेर कमाएर ल्याएको पैसा हो । घर बनाउँने मिस्त्रीहरूको अगाडि पनि यसले राम्रो काम गरेर कमाएको पैसाले घर बनाएकी हैन, १ दिन लाग्ने कामलाई ३ दिन लगाएर काम गर भनेर मलाई होच्याएर लाञ्छना लगाएर बोल्ने गर्नुहुन्थ्यो । म त समुदाय, समाज र छिमेकीबाट भन्दा पनि आफ्नै श्रीमान्बाट कलंकित भएँ ।

बिदामा म नेपाल आएको त्यो बेला ठिक्क निर्वाचनको लागि म्यादीमा भर्ना लिदैं रहेछ । मैले पनि म्यादीमा भर्ना हुने मौका पाएँ । त्यसबाट आएको तलबले दुईजना बच्चाको विद्यालयमा भर्ना (admission) गर्न सफल भएँ र म फेरि मलेसिया फर्किएँ । १७ वर्ष लामो समय मलेसियामा काम गरेपछि भने म नेपाल विदेश नजाने गरी फर्किएँ । १७ वर्ष

विदेशमा बसेर कमाएर फर्केर आउँदा पनि मलाई श्रीमान्ले गर्ने व्यवहार उही पहिलेको जस्तै भयो । विदेशी नाठोसँग सुतेर आइस्, अझ तरूनी भएर हिड्छेस् भनेर फेरि कुटपिट, हिंसा हुन थाल्यो । मैले खप्न नसकेर महिला सेलमा समेत उजुरीका लागि जान बाध्य भएँ । यस्तो व्यवहारका कारण मानसिक समस्यामा छु ।

विदेश बसाइ मेरो सफल नै रह्यो । राम्रो कमाइ नै थियो । मैले मेहनतले कमाएँ, छोरीहरूलाई पढाएँ । छोरीहरूलाई उज्वल भविष्य दिन सफल भएँ, घर बनाएकी छु । श्रीमान् पनि आएर मसँगै बस्नुभएको छ । श्रीमान्को पिटाइ, हेपाइ र लाञ्छनालाई वास्ता नगरी खान, लाउन दिएकी छु ।

विदेशबाट आएकी महिला हो । नेपाल आएपछि पनि दैनिक जसो घरबाट बाहिर निस्किन्छे, पैसा आफ्नै हातमा छ, कहाँ कहाँ को, को सँग जान्छे, रमाइलो गर्छे अनि श्रीमान्ले कुट्छ । श्रीमान्लाई पैसा दिदिनँ त्यही तनावले श्रीमान्ले रक्सी खाएको भनेर  कुरा काट्ने/लाञ्छना लगाउने गर्छन् । समाजले यस्ता कुरा लाएर श्रीमान्लाई उकास्ने गर्दा पनि मलाई पिट्न/शोषण गर्न उहाँलाई उर्जा मिलेको हो भन्ने मलाई लाग्छ । जे भने पनि अरूलाई भन्दा वैदेशिक रोजगारबाट फर्किएर आएका महिलाहरूलाई हेर्ने र गर्ने व्यवहार फरक नै छ ।

श्रीमान्ले हातहतियार प्रयोग गरेर नै कुट्ने, पिट्ने गर्नुहुन्छ । लामो समय यही हिंसा ममाथि निरन्तर भइरहेको छ । कुन बेला मार्ने हो भन्ने मनमा त्रास रहिरहन्छ । खुलेर जिन्दगी जिउन/बाँच्न सकेको अवस्था छैन  । मलाई श्रीमानबाट कुटपिट र हिंसा निरन्तर भएकाले जीवन रक्षाका लागि महिला सेलमा उजुरी दिन गएँ । उहाँहरूले सहयोग गर्नु भयो। श्रीमान्लाई सम्झाउनु भयो ।

हामी वैदेशिक रोजगारबाट फर्किएर आएका महिलाहरूको श्रमजीवी महिला सन्जाल छ । त्यसमार्फत पनि हामीले स्थानीय सरकारलाई विदेशबाट फर्किएका महिलाको अवस्था अध्ययन गर्न र समस्या पहिचान गरी हामीलाई पुन:एकीकरण गर्न तथ्याङ्क सङ्कलनका लागि अनुरोध गरेका छौं । उहाँहरूले हामीले राखेको प्रस्तावलाई स्वीकार्नु हुन्छ, हामी  तथ्याङ्क सङ्कलन गर्ने काम गर्छौं र तपाईँहरूलाई सहयोग गर्छौं त भन्नु हुन्छ तर प्रभावकारीरूपमा यो कार्य अघि बढेको छैन ।  तर, हामी स्थानीय सरकारसँग यस विषयमा बारम्बार वकालत गरिरहेकाछौं र गरिरहने छौं । हुन त यो सरकारको जिम्मेवारी हो तर हामीलाई तरङ्गिणी फाउण्डेसनले सहयोग गरेको छ ।

हामीलाई लागेका लाञ्छना र कलङ्कहरूलाई कम गर्न सबैभन्दा पहिले हामी संगठित हुनुपर्छ । अनि हामीले विदेशमा दुख गरेर कमाएर आएका छौं, नराम्रो काम गरेका छैनौं भनेर आवाज उठाउनु पर्छ । आफू पनि भित्रैबाट बलियो हुनुपर्छ । समाजमा हाम्रो आवाज पुग्न थालेपछि बल्ल हामीलाई हेर्ने दृष्टिकोणमा फरक आउँछ ।

विदेशमा कमाएर ल्याएको पैसाले घर बनाएँ । सबै पैसा सकियो । जागिर पनि छैन । कुनै पेसा, व्यवसाय पनि छैन । म जस्ता समस्यामा परेका विदेशबाट फर्किएका महिला धेरै होलान् । हाम्रो क्षमता र आवश्यकतालाई अध्ययन गरेर रोजगार वा स्वरोजगारको वातावरण निर्माण सरकारले गर्नुपर्छ । वैदेशिक रोजगारबाट फर्किएर आएका हामी महिलाहरूलाई सरकारले विभिन्न कार्यक्रमार्फत समाजमा पुन: घुलमिल, एकीकरण हुने वातावरण बनाइदिने किसिमका नीति ल्याउनु पर्छ । पेसा व्यवसाय गर्न अनुदान, बिना धितो सहुलियत दरमा ऋण  दिने नीति बनाउनु पर्छ। हामीले विदेशमा हुँदा गरेको योगदानको कदर गर्ने गरी सबै महिलालाई समेट्ने किसिमको नीति बनाउनु पर्छ ।